# नौगाड गाउँपालिका
Naugad Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
होपरीगाड, दार्चुला
Hoparigad, Darchula

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal


पत्र संख्या / Ref. No.:- २०८१/०८२
चलानी नम्बर / Dispatch No.:- १५१६

मिति/Date:- २०८२/०३/०१
ने.सं: ११४५ तछलागा चतुर्थी

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र (NIN) अनिवार्य भएको सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र संख्या ०८०/०८१ चलानी नं ३८५ मिति २०८१/०१/२४ को प्राप्त परिपत्र अनुसार पहिलो चरणमा मिति २०८२/०४/०१ देखि यस नौगाड गाउँपालिबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ दर्ता तथा नविकरण गर्न राष्ट्रिय परिचयपत्र नम्बरमा आधारित **Biometric Verification** अनिवार्य गरिने भएकाले हालसम्म राष्ट्रिय परिचयपत्र नबनाउनु भएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही (दलित बालबालिका र ९० बर्ष भन्दा माथिका बाहेकका)हरुले जिल्ला प्रशासन कार्यालय दार्चुलामा गई राष्ट्रिय परिचयपत्र बनाउन हुन सम्बन्धीत सबैमा जानकारी गरिन्छ। साथै राष्ट्रिय परिचयपत्रका लागि पहिला नै **Enrollment** भएका तर राष्ट्रिय परिचयपत्र नं. **(NIN)** प्राप्त नभएका लाभग्राहीहररुले http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्क मार्फत आफ्नो नागरिकता विवरण वा राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरको आधारमा घरबाटै वा नजिकको वडा कार्यालय वा यस गाउँपालिकाको पञ्जीकरण शाखामा गई हेर्न सकिने व्यहोरा जानकारी गरिन्छ।
थप जानकारीका लागि नौगाड गाउँपालिका, (पञ्जिकरण शाखा ९८६५७००७००) तथा नजिकको वडा कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

८२/०३/०१
(पुष्कर सिंह धामी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालय सबै/ राष्ट्रिय परिचयपत्र नबनाएका लाभग्राहीहरुको पहिचान गर्नमा सहजीकरण गर्नु हुन ।
श्री सूचना तथा प्रविधि शाखाः गाउँपालिकाको वेवसाइट तथा सम्पूर्ण आधिकारीक सामाजिक सञ्जालमा अपलोड गर्नु हुन।


*{Cell No: 9868896269, 9858784584 Website: naugadmun.gov.np, E-mail: info@naugadmun.gov.np, naugaad@gmail.com}*